नेपाल सरकार
संङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
# स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
(आर्थिक प्रशासन शाखा)

श्रीमहल पुल्चोक, ललितपुर ।
फोन नं.:५५२१०२१, ५५४६३५४

प.सं: ०७३/०७४
च.नं : ३२३

मिति:२०७३।१२।२९

विषय: वेरुजु फछ्यौट सम्वन्धमा ।

श्री जिल्ला समन्वय समितिको कार्यालय, सवै ।
श्री जिल्ला प्राविधिक कार्यालय, सवै ।

प्रस्तुत विषयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, आर्थिक प्रशासन शाखाको च.नं.१.१.३/४६१, मिति २०७३।१२।२७ को प्राप्त पत्रमा निम्न व्यहोरा उल्लेख भई आएको हुँदा बेरुजु फछ्यौट कार्यको लागि पत्रमा लेखि आए अनुसार आवश्यक कार्य गर्नुहुन निर्देशानुसार अनुरोध छ ।

**तपसिल**

"प्रस्तुत विषयमा त्यस विभाग/कार्यक्रम र अन्तर्गत कार्यालयहरुको आर्थिक वर्ष २०७१।७२ सम्म कुल बेरुजु रकम मध्ये २०७३।१२।२५ गते सम्म मन्त्रालयबाट पठाइएको बेरुजु न्युनिकरण तथा बेरुजु फछ्यौटको कार्ययोजनामा उल्लेखित लक्ष्य अनुसार धेरै जसो कार्यालयको प्रगति पुगेको देखिएन । तोकिएको लक्ष्य पुरा भएमा पुरस्कृत गर्न सकिने र तोकिएको बेरुजु फर्छ्यौट लक्ष्य पुरा नभएमा कारवाही भई कार्यसम्पादन मूल्यांकनमा समेत असर पर्ने व्यहोरा मिति २०७३।१२।२७ सचिवस्तरीय निर्णय अनुसार अनुरोध छ । साथै यस मन्त्रालयबाट पठाइएको बेरुजु फर्छ्यौट कार्ययोजना अनुसार आफ्नो कार्यालय र मातहतको कार्यालयमा समेत बेरुजु फर्छ्यौटको लागि तरताकेता गरी बेरुजु फर्छ्यौट संपरीक्षण कार्यलाई विशेष जोड दिई बेरुजु लक्ष्य प्रगति हासिल गर्न, गराउनु हुन र निकट भविष्यमा बेरुजु फर्छ्यौट, AORTS, लगायत विषयमा तालिम तथा गोष्ठि संचालन हुन गइरहेको र यस गोष्ठिमा महालेखा परीक्षकको कार्यालय बाट समेत प्रतिनिधित्व रहने हुँदा बेरुजु फर्छ्यौट कार्यलाई अभियानकै रुपमा अगाडि बढाउनुपर्ने भएको छ । अत: उक्त गोष्ठिमा सहभागि हुन आउँदा बेरुजु फर्छ्यौटको लागि चाहिने आवश्यक कागजात सहित कार्यालयको किटानी सिफारिस तथा राय समेत समावेश गरी छुट्टा छुट्टै फाइल तयार गरी श्रेष्ता तयारी हालतमा राख्न लगाउन हुन अनुरोध छ । यस सम्वन्धमा सहजीकरणको लागि मन्त्रालयबाट अनुगमन हुने व्यहोरा समेत अनुरोध छ ।"

(राजेन्द्र पराजुली)
उपसचिव लेखा

बोधार्थ:
श्री संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय,
आर्थिक प्रशासन शाखा, सिंहदरवार, काठमाण्डौ ।